संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

मिति : २०७५/०६/११

बैठक संख्या : ६

**निर्णय** (२०७५/०६/११(१)) :

समितिको आजको बैठकमा वन तथा वातावरण मन्त्री मा० शक्तिबहादुर वस्नेत, वन तथा वातावरण मन्त्रालयका सचिव तथा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका पदाधिकारीहरुसंग छलफल हुँदा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने सन्दर्भमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका सन्दर्भमा देहायबमोजिम निर्णय भयो, -

(१) चुरे क्षेत्रको मानव वस्ती व्यवस्थापन सम्बन्धमा आवश्यक अध्ययन गरी यथाशिघ्र उचित निर्णय गर्नुपर्ने साथै त्यस क्षेत्रमा भईरहको नदिजन्य पदार्थको दोहनका सम्बन्धमा आवधिक रुपमा नदिजन्य पदार्थहरु निकाल्नको लागि स्थानहरु तोकी अनियन्त्रीत रुपमा नदिजन्य पदार्थको दोहन हुनबाट रोक्ने, कानून विपरित सञ्चालन भईरहेका क्रसर उद्योगहरुलाई तत्काल कारबाहिको प्रकृया अगाडि बढाउने र चुरे क्षेत्रमा बृक्षरोपण तथा पोखरीनिर्माण जस्ता कार्यहरुलाई निरन्तर रुपमा अगाडि बढाउने ।

(२) चुरे क्षेत्रको संवेदनशिलता एवम् उर्भरता तथा मुलुकको विकासको आवश्यक्तालाई समेत ध्यानमा राखि चुरे मैत्री कृषि र विकास मैत्री चुरे संरक्षण कार्यक्रम अगाडी बढाउने ।

बैठक संख्या : ७

**निर्णय** (२०७५/०६/११(२)) :

समितिको आजको बैठकमा खानेपानी मन्त्रालयका सचिव र मेलम्ची खानेपानी आयोजनाका पदाधिकारीहरुसंग राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको मेलम्ची खानेपानी आयोजनाको विद्यमान अवस्था तथा सम्पन्न हुने समयावधिका सम्बन्धमा विस्तृत रुपमा जानकारी लिईयो । समितिको पुर्वनिर्धारित कार्यक्रम अनुसार यहि २०७५ असोज १४ गते समितिले उक्त आयोजनाको स्थलगत अध्ययन भ्रमण गरे पश्चात् आयोजनालाई अझ व्यवस्थित ढंगले सञ्चालन गरी यथासम्भव छिटो आठमाडौ उपत्यकामा पानी वितरण गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने गरी आजको बैठक स्थगित भयो ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति